नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरवार, काठमाण्डौं
फोनः ०१४२११०९०
इमेलः ndrrma@gmail.com

पत्र संख्याः ०७८/७९
च.नं. १३३३

मिति २०७९।०२।३१

**विषय : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको तेह्रौं बैठकको निर्णय सम्बन्धमा ।**

माननीय मन्त्रीज्यू, सहरी विकास मन्त्रालय ।
माननीय मन्त्रीज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।
श्री सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिवज्यू, अर्थ मन्त्रालय ।
श्री सचिवज्यू, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिवज्यू, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय ।
श्री सचिवज्यू, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय ।
श्री सचिवज्यू, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ।
श्री सचिवज्यू, खानेपानी मन्त्रालय ।
श्री सचिवज्यू, गृह मन्त्रालय ।
श्री सचिवज्यू, परराष्ट्र मन्त्रालय ।
श्री सचिवज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।
श्री सचिवज्यू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री सचिवज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
श्री सचिवज्यू, युवा तथा खेलकुद मन्त्रालय ।
श्री सचिवज्यू, रक्षा मन्त्रालय ।
श्री सचिवज्यू, वन तथा वातावरण मन्त्रालय ।
श्री सचिवज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
श्री सचिवज्यू, सहरी विकास मन्त्रालय ।
श्री सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री सचिवज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री सचिवज्यू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।
श्री सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।
श्री सचिवज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
श्री सचिवज्यू, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार ।
श्री रथीज्यू, बलाधिकृत विभाग, नेपाली सेना, जंगी अड्डा, भद्रकाली ।
श्री प्रहरी महानिरीक्षकज्यू, प्रहरी प्रधान कार्यालय, नक्साल ।
श्री स.प्र.महानिरीक्षकज्यू, सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय
श्री मुख्य अनुसन्धान निर्देशकज्यू, राष्ट्रिय अनुसन्धान विभाग ।
श्री कार्यकारी निर्देशकज्यू, नेपाल राष्ट्र बैंक, थापाथली ।
श्री अध्यक्षज्यू, नेपाल दूरसंचार प्राधिकरण ।
श्री सदस्य-सचिवज्यू, समाज कल्याण परिषद् ।
श्री अध्यक्षज्यू, नेपाल चेम्बर्स अफ कमर्स ।
श्री अध्यक्षज्यू, नेपाल रेडक्रस सोसाइटी ।
श्री अध्यक्षज्यू, उद्योग वाणिज्य महासंघ ।

उपर्युक्त विषयमा माननीय गृहमन्त्री बालकृष्ण खाँणज्यूको अध्यक्षतामा मिति २०७९/०२/३० गते गृह मन्त्रालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको तेह्रौं बैठकबाट भएका निर्णयहरुको प्रतिलिपि पाना ३ (तिन) यसैसाथ संलग्न छ । आफ्नो मन्त्रालय/निकायसँग सम्बन्धित निर्णयहरु कार्यान्वयनका लागि निर्णयानुसार सादर अनुरोध छ ।

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

**सादर अवगतार्थ**
माननीय गृह मन्त्रीज्यूको निजी सचिवालय,
सिंहदरवार, काठमाडौं ।

**मिति २०७९ जेठ ३० गते सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको**

**<u>तेह्रौ बैठकका निर्णयहरू</u>**

**<u>निर्णय नं. १</u>**

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत गरी एकीकृत ढंगबाट प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

**<u>निर्णय नं. २</u>**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खरिद गरिएका खोज तथा उद्धार सामग्रीहरू सशस्त्र प्रहरी बल, नेपाललाई गरिएको हस्तान्तरण अनुमोदन गर्ने र थप सामग्रीहरू Mass Casualty Vehicles; fire brigades; ambulances; CSSR जस्ता सामग्रीहरू हस्तान्तरण गर्ने ।

**<u>निर्णय नं. ३</u>**

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जोखिमको अवस्था र तत्काल गर्नुपर्ने आवश्यकता समेतका आधारमा प्राथमिकीकरण गरी माग भएका ठाउँमा जोखिम न्यूनीकरण तथा पूनर्निर्माण एवं भौगर्भिक र विपद् जोखिमको प्राविधिक अध्ययन गर्न गराउन विपद व्यवस्थापन कोषको रकम समेत परिचालन गर्ने ।

**<u>निर्णय नं. ४</u>**

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १० बमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोष संचालनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली प्रथम संशोधनको रुपमा आवश्यक प्रकृया पुऱ्याई स्वीकृतिको गृह मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।

(ख) गृह मन्त्रालयमा रहेको विपद् व्यवस्थापन कोषबाट मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा उल्लेख भएका मनसुनका कारण बाढी र पहिरोको उच्च जोखिम रहेका जिल्लाहरूमा बढीमा ७ लाख सम्म र अन्य जिल्लाहरूमा बढीमा ५ लाखसम्म मनसुन प्रतिकार्यको पूर्वतयारीका लागि प्रचलित कानून बमोजिम खर्च गर्न सक्ने गरी आवश्यक रकम गृह मन्त्रालयले जिल्ला विपद व्यवस्थापन कोषमा निकासा पठाउने ।

(ग) केन्द्रीय गोदामघर मानवीय सहायता स्थल (HSA) बाट क्षेत्रीय गोदामघर र मोबाईल मानवीय सहायता स्थलमा राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रले (HSA) खोज, उद्धार तथा राहत सामग्रीहरू आवश्यकता अनुसार पठाउने।

(घ) सबै मन्त्रालयहरू र जिल्ला स्थित सबै सरकारी कार्यालयहरूले मनसुन पूर्वतयारी गरी प्रतिकार्यका वा प्रतिकार्य सहयोगका लागि आवश्यकता अनुसार सामाग्री खरिद समेत गरी तयारी अवस्थामा रहने ।

(ङ) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्बन्धित मन्त्रालय र विभागहरूसँग समन्वय गरी सडक निर्माण पूर्व सडकको बर्गीकरणको आधारमा विपद जोखिम आँकलन गर्ने कार्यविधि तर्जुमा गरी स्वीकृतिको लागि कार्यकारी समितिको अर्को बैठकमा पेश गर्ने ।

(च) सबै मन्त्रालय र विपद व्यवस्थपानसँग प्रत्यक्ष रुपमा सम्बन्धित विभागहरूले मनसुनजन्य विपद व्यवस्थापनको दीर्घकालीन योजना र तत्कालीन तयारीको विवरण तत्काल राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र (NEOC) मा पठाउने ।

(छ) सम्भावित विपदको जोखिम न्यूनीकरणका लागि नदीजन्य सामाग्रीहरू व्यवस्थित रुपमा उत्खनन गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन दिन प्राधिकरणका प्राविधिक सहसचिवको संयोजकत्वमा राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग, बन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सडक विभाग का प्रतिनिधी सम्मिलित समिति गठन गर्ने र सो समितिले ४५ कार्यदिनभित्र सुझाव सहितको प्रतिवेदन कार्यकारी समितिको सचिवालयमा पेश गर्ने ।

(ज) मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न र मनसुनजन्य विपदको व्यवस्थापनलाई कार्यान्वयन तहमा प्रभावकारी समन्वय र सहकार्य गर्न गृह मन्त्रालयको विपद व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा संचार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, तीनवटै सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग, जलस्रोत तथा सिंचाई विभागका प्रतिनिधिहरू समेत रहने गरी राष्ट्रिय आपतकालीन कार्यसंचालन क्रेन्द्रमा मनसुन अवधिभरका लागि मनसुन प्रतिकार्य कमाण्ड टोली खटाउने ।

(झ) जलवायु परिवर्तन लगायतका कारण बढ्दो बाढी तथा गेग्रान बहाबले पूर्वाधारहरूमा हुने क्षतिलाई मध्यनजर गर्दै विपदका हिसाबले सुरक्षित पूर्वाधार (Disaster Resilient Infrastructure) निर्माण गर्न राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्बन्धित निकायहरू सम्मिलित कार्यदल गठन गरी कार्ययोजना तयार पार्ने।

(ञ) गृह मन्त्रालयले मिति २०७८ माघ १४ गतेदेखि ०७९ जेष्ठ २९ सम्म गृह मन्त्रालयको विपद व्यवस्थापन कोषबाट विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषहरूमा पठाईएको रकम रु. १ करोड ८० लाख अनुमोदन गर्ने ।